# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
१ नं. प्रदेश, शनिश्चरे, झापा

मिति : २०७७/१२/१७

पत्र संख्या : ०७७/७८
च. नं. : 2466

विषय : विद्यालयमा बिदा दिने सम्बन्धमा ।

श्री सबै संस्थागत ,धार्मिक र सामुदायिक विद्यालयहरु
अर्जुनधारा, झापा ।

प्रस्तुत सम्बन्धमा शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/१२/१६ को सहसचिव एवं प्रवक्ताद्वारा हस्तारित विज्ञप्ति यसै पत्रसाथ संलग्न छ । विज्ञप्तिको व्यहोरा अवगत गर्नुभई सोही अनुसार गर्न गराउनु हुन अनुरोध छ ।

यस विषम परिस्थितिले बालबालिकाहरुको स्वास्थ्यमा प्रत्यक्ष र गम्भीर असर पु-याउन सक्ने भएको हुँदा बिदाको अवधिमा बालबालिकाहरुलाई घरभित्रै रहने व्यवस्थाका लागि अभिभावक तथा बालबालिकाहरुमा आवश्यक परामर्श एवं सहजीकरण गरिदिनु हुन सबै विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई अनुरोध गरिन्छ ।

2077/12/16

.....................
(तोयानाथ रेग्मी)
उपसचिव

website: www.arjundharamun.gov.np
Email:info@arjundharamun.gov.np/arjundharamun@gmail.com
Phone No.023465502

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
फोन नं.
दर्ता सम्पन्न
दर्ता नं. २५३६
दर्ता मिति ०७७/१२/१६
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०७७/१२/१६

## प्रेस विज्ञप्ति।

आज मिति २०७७/१२/१६ का दिन माननीय मन्त्री श्री कृष्णगोपाल श्रेष्ठज्यूको अध्यक्षतामा मन्त्रालय र अन्तर्गतका उच्च अधिकारीहरू सहभागि भएको बैठकमा विगत केही दिन यता वायुमण्डलमा देखा परेको अस्वाभाविक वातावरणीय परिस्थितिका कारण विद्यार्थीको स्वास्थ्यमा पर्नसक्ने प्रतिकूल असरका विषयमा समीक्षा गरियो ।उक्त बैठकमा समीक्षा भए अनुसार हालको गम्भीर अवस्थालाई दृष्टिगत गरी सबै शिक्षण संस्थाहरू तत्कालका लागि आगामी २०७७ चैत्र २० गते शुक्रवारसम्म विदा दिने निर्णय गरिएको छ।

पूर्व निर्धारित कार्यतालिका अनुसार परीक्षा सञ्चालन गरिरहेका विश्वविद्यालयहरू तथा उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूले स्वास्थ्य सजगता अपनाउदै परीक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन् ।

यस विषम परिस्थितिमा आफ्ना बालबालिकाहरूलाई विद्यालय विदा भएको अवस्थामा घरभित्रै रहने व्यवस्था मिलाइ स्वास्थ्य प्रतिकूलतावाट जोगाउन सबै अभिभावकहरूमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

१२/१६

(दीपक शर्मा)
सहसचिव एवम् प्रवक्ता

श्री शिक्षा शाखा
कार्यान्वयनार्थ
२०७७/१२/१६